नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना प्रविधि विभाग
थापागाउँ, नयाँ बानेश्वर, काठमाडौं

# सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०७७/०४/१३)

यस विभागको लागि आ.व. २०७७/०७८ मा आवश्यक पर्ने तपसिल बमोजिमका सेवा, कार्य वा वस्तु उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त योग्य दर्तावाल फर्म, कम्पनी, संस्था एवं सप्लायर्सहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुद सूची (Standing List) दर्ताको लागि सोहि नियमावलीको अनुसूची २(क) बमोजिमको ढाँचामा यस विभागमा निवेदन दर्ता गराउनु हुन यो सूचन प्रकाशित गरिएको छ।

<u>आवश्यक कार्य तथा सेवाहरुको विवरण:</u>

१. सफ्टवेयर, मोबाईल एप, बेब एप्लिकेसन एवं सुरक्षा प्रणाली निर्माण, जडान तथा सञ्चालन, सपोर्ट सम्बन्धी सेवा।
२. सूचना प्रविधि सम्बन्धी नीतिगत, कानूनी र संरचनागत सुधार लगायत सूचना प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवं परामर्श सम्बन्धी सेवा।
३. सूचना प्रविधि सम्बन्धी पूर्वाधार निर्माण गर्न आवश्यक अध्ययन, अनुसन्धान एवं परामर्श सम्बन्धी सेवा।
४. सूचना प्रविधि सम्बन्धी भेन्चर फन्डिङ्ग, बिजनेस डेभलपमेन्ट, स्टार्टअप सपोर्ट, बिजनेस इन्कुवेशन, प्रविधि इन्कुवेशन सम्बन्धी सेवा।
५. ईन्टरनेट, टेलिफोन, केवल टि. भी., चिठ्ठी पत्र वितरण, यातायात र ढुवानी लगायत कनेक्टिभिटि सम्बन्धी सेवा।
६. तालिम, क्षमता विकास, संस्थागत विकास सम्बन्धी सेवा।
७. छपाई, प्रकाशन, प्रसारण, फोटोग्राफि, भिडियोग्राफि, ग्राफिक्स डिजाईन, एनिमेसन, विज्ञापन सम्बन्धी सेवा।
८. सरसफाई, बगैचा सुधार तथा सुरक्षा सम्बन्धी सेवा।
९. इन्टरनेट नेटवर्क जडान र मर्मत सम्बन्धि कार्य।
१०. टेलिफोन नेटवर्क र ईलेक्ट्रिकल प्रणाली जडान, पार्टपूर्जा आपूर्ति, मर्मत सम्बन्धी कार्य।
११. कम्प्युटर, प्रिन्टर, फोटोकपि जस्ता विधुतीय उपकरण तथा मेशिनरी औजार, सामान, पार्टस् आपूर्ति तथा मर्मत सम्बन्धी कार्य।
१२. सवारी साधन मर्मत एवं स्पेयर पार्टस आपूर्ति सम्बन्धी सेवा।
१३. फर्निचर तथा फर्निसिङ्ग आपूर्ति र मर्मत सम्बन्धी सेवा।
१४. स्टेशनरी तथा कार्यालय सामान आपूर्ति सम्बन्धी सेवा।
१५. भवन तथा पूर्वाधार निर्माण, मर्मत तथा सम्भार सम्बन्धी सेवा।
१६. खाजा र पानी आपूर्ती सम्बन्धी कार्य।
१७. पुस्तक, पत्रपत्रिका, जर्नल लगायतका पाठ्य सामग्री आपूर्ति सम्बन्धी कार्य।
१८. सवारी साधन खरिद सम्बन्धी कार्य।
१९. ईन्धन आपूर्ति सम्बन्धी कार्य।

<u>निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१. संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्रको छायाँप्रति
२. स्थायी लेखा नं. प्रमाणपत्रको छायाँप्रति
३. मू.अ.कर दर्ताको प्रमाणपत्रको छायाँप्रति (मू.अ.करमा दर्ता हुनेको हकमा)
४. आर्थिक वर्ष २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति
५. व्यवसायिक इजाजतपत्रको छायाँप्रति
६. प्रचलित कानून बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाइएको स्वयं घोषणा निवेदन

द्रष्टव्य: माथि उल्लेखित प्रत्येक कार्य तथा सेवाहरुको छुट्टाछुट्टै निवेदन दर्ता गराउनुपर्नेछ। रीत नपुगी आएका निवेदनलाई मान्यता दिइने छैन। प्राप्त निवेदनहरु सूचीकृत गर्ने वा नगर्ने अधिकार यस विभागमा सुरक्षित रहनेछ।

०७७/४/१३

शाखा अधिकृत